# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड,झापा
कोशी प्रदेश, नेपाल

फोन नं.-०२३ -५४५८००

प.सं. ०८१/८२
च.नं. १५१

मिति :- २०८१/०८/२६
ने.स.११४४ थिंलाथ्व ११ बुधबार

**विषय :- १५ औं राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
विर्तामोड नगरपालिका, झापा ।

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिकाको स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८१/०८/२५ गतेको बैठकको निर्णयानुसार नगर स्तरीय पन्धौं राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता मिति २०८१ साल पौष ९ र १० गते सञ्चालन हुने भएकोले तपसिल अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**तपसिल**

| क.स | खेल सञ्चालन हुने विधाहरु | खेल सञ्चालन हुने स्थान | मिति | समय | कै |
|---|---|---|---|---|---|
| १. | एथलेटिक्स : छात्र/छात्रा | श्री सेन्ट जेभियर्स स्कुल देउनियाँ, बि.न.पा. ८ | २०८१ पौष ९ र १० गते | विहान ८ बजेदेखि | |
| २ | कबडी : छात्र/ छात्रा | श्री अनारमनी पब्लिक क्याम्पस, विर्तामोड- ३ | २०८१ पौष ९ र १० गते | विहान ८ बजेदेखि | |
| ३ | भलिबल : छात्र | श्री गोमेन्द्र बिर्तामोडल स्कुल विर्तामोड-४ | २०८१ पौष ९ र १० गते | विहान ८ बजेदेखि | |
| ४ | भलिबल : छात्रा | श्री गोमेन्द्र बिर्तामोडल स्कुल विर्तामोड-४ | २०८१ पौष ९ र १० गते | विहान ८ बजेदेखि | |
| ५ | कराते प्रतियोगिता | श्री महेन्द्र रत्न मा.वि. विर्तामोड- ३ | २०८१ पौष ९ र १० गते | विहान ७ बजेदेखि | |
| ६ | तेक्वान्दो, | श्री महेन्द्र रत्न मा.वि. विर्तामोड- ३ | २०८१ पौष ९ र १० गते | विहान ७ बजेदेखि | |
| ७ | उस्सु | श्री महेन्द्र रत्न मा.वि. विर्तामोड- ३ | २०८१ पौष ९ र १० गते | विहान ७ बजेदेखि | |

१. विद्यालयले खेलाडी छनौट गर्दा चालु शैक्षिक सत्रमा १८ वर्षसम्मका माध्यमिक विद्यालय कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु सहभागी हुन पाउनेछन् । २०८१ चैत्र मसान्तसम्ममा १८ वर्ष पूरा नभएको साथै जन्ममिति २०६३ चैत्र मसान्तसम्मको प्रमाणित कागजात हुनुपर्ने छ ।

२. माथिका ७ वटा विधा मध्ये कुनै विधामा विद्यालयले सहभागीहरुको विवरण दर्ता गर्दा ५ भन्दा कम दर्ता भएमा त्यस्ता विधाका खेललाई नगरमा प्रतिस्पर्धा गराइने छैन । उक्त विधामा जिल्ला स्तरीय प्रतिस्पर्धाका लागि नगर खेलकुद विकास समिति मार्फत सोझै सहभागी हुन पठाउनु पर्नेछ ।

३. विद्यालयले सहभागी विद्यार्थीहरु पठाउदा विद्यालयको पत्र सहित जन्ममिति खुलेको कक्षा ८ को ग्रेडसिट, एसईईको मार्कसीट वा सर्टिफिकेट वा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित संलग्न सहभागी फाराममा फोटो सहित प्रधानाध्यापकले प्रमाणित गरी पेश गर्नु पर्नेछ । झुटा विवरण पेश गरी सहभागी गराएको पाइएमा विद्यालय स्वयं जवाफदेही हुनु पर्नेछ साथै अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भइसकेका खेलाडीहरु यस प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

४. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता अन्तर्गतका प्रत्येक विधाका उत्कृष्ट खेलाडीहरुलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रममा सहभागी हुन पठाइनेछ ।

५. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता अन्तर्गत एक विधामा एक खेलाडीले मात्र खेल खेल्न पाउनेछ ।

६. नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई नगदसहित प्रोत्साहन गरिनेछ ।

७. सबै विद्यालयहरुले उपर्युक्त बमोजिमको विधागत रुपमा सहभागी हुने विद्यार्थीहरुको जन्ममिति सहितको संलग्न सहभागी फारम सहितको विवरण मिति २०८१ पौष ७ र ८ गते दिनको बाह्र बजेसम्म अनिवार्य महेन्द्ररत्न मावि विर्ताबजार भित्र रहेको स्रोतकेन्द्र भवनमा कार्यालय समयभित्र बुझाइ दर्ता गर्नुपर्नेछ । सोअवधि भित्रमा दर्ता नगराउने विद्यालयलाई खेलमा सहभागी गराइनेछैन । थप जानकारीका लागि नगर खेलकुद विकास समितिका सचिव श्री विसन लिम्बु फोन नम्बर.९८५२६२०९५१, शिक्षा अधिकृत श्री केशरबहादुर खवास फोन नं. ९८५२६७३४२३ मा, खेल प्रशिक्षक दुर्गाराज निरौला फोन नं. ९८५२६६६०८८ मा सम्पर्क गर्नुहुन तथा बिर्तामोड नगरपालिकाको वेभसाइट Birtamodmun.gov.np मा हेर्न सकिनेछ ।

८. माथिका सम्पूर्ण खेलहरु राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (संशोधन २०८०) बमोजिम हुनेछन् ।

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा बिर्तामोड, नगरपालिका- वेभसाइटमा अपलोड गरिदिनु हुन ।

तिलचन भण्डारी
उपसचिव



CamScanner

## राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा समावेश गरिएका खेलको विवरण

**१. भलिबल:**

छात्र: छात्रा:

**२. कबड्डी:**

छात्र: छात्रा:

**३. एथलेटिक्स:**

**क) दौड (ट्र्याक तर्फ) :**

छात्र- १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४ x १०० मि .रिले, ४ x ४०० मि. रिले

छात्रा- १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४ x १०० मि. रिले, ४ x ४०० मि. रिले

**ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ :**

छात्र- हाइजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम र सटपुट १२ पाउण्ड

छात्रा- हाइजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटपुट ८ पाउण्ड

४. मार्सल आर्ट तर्फ खेलका तपसिल अनुसारका प्रत्येक तौल समूहमा एक-एक जना खेलाडी सहभागी गराउन सकिने छ ।

क) कराँते (सितोरियो)

छात्र- U-४२ के.जी., U-४७ के.जी., U-५२ के.जी., काँता एकल, U-५७ के.जी., U-६२ के.जी., काँता एकल,

छात्रा- U-४० के.जी., U-४५ के.जी., U-५० के.जी., काँता एकल, U-५५ के.जी., U-६० के.जी., काँता एकल,

ख) तेक्वान्दो

छात्र: U-४५ के.जी, U-४८ के.जी., U-५१के.जी., U-५५के.जी., U-५९के.जी र एकल पुम्से

छात्रा: U-४२ के.जी, U-४४ के.जी., U-४६के.जी., U-४९के.जी., U-५२के.जी र एकल पुम्से

ग) उसु

थओलु तर्फ:

छात्र: Chang Quan, Nan Quan, and Taiji Quan

छात्रा: Chang Quan, Nan Quan, and Taiji Quan

सान्सौ तर्फ:

छात्र: ४२ के.जी,४५ के.जी,४८ के.जी,

छात्रा: ४२ के.जी,४५ के.जी,४८ के.जी,

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

तिलचन भण्डारी
उपसचिव

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## अनुसूची – १

### सहभागी हुन भर्नुपर्ने फाराम

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१) दफा १४ को उपदफा (१) सँग सम्वन्धित)

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमूना**

१. सहभागी विद्यार्थीको नामः
२. विद्यालयको नाम/ ठेगानाः
३. अध्ययनरत कक्षाः
४. जन्म मितिः
५. सहभागी हुने खेलः
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

भर्खर खिचिएको पासपोर्ट साइजको फोटो

उल्लेखित व्यहोरा ठीक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल/फोन नं: | मोबाइल/फोन नं: | मोबाइल/फोन नं: | मोबाइल/फोन नं: |
| विद्यालयको छापः | विद्यालयको छापः | विद्यालयको छापः | विद्यालयको छापः |

खेलाडीको जन्मदर्तामो प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

तिलचन भण्डारी
उपसचिव

CamScanner